


राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**कोरोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौ**

- श्वास फेर्न धेरै गाऱ्हो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महशुस भए,
- धेरै थकाई र कमजोरी महसुस भए,
- एकाएक रक्तचाप घटवढ भए,
- थोरै हिंड्दा स्वाँ-स्वाँ बढे,

*सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१३ ।। अङ्क : १८९ ॥ २०७८ भाद्र २६ गते शनिबार (11th Aug 2021 Saturday) | **Pratidin** National Daily | dNo-?÷%÷-

# कांग्रेसको पालिका अधिवेशन सऱ्यो

***झापा (प्रस) ।*** कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत आइतबारका लागि तोकिएको पालिका तहको अधिवेशन सरेको छ । केन्द्रीय निर्वाचन समितिले पालिकासहित जिल्ला तहसम्मको अधिवेशनको कार्यतालिकामै हेरफेर गरेको हो ।

सदस्यताको विवादका कारण वडा तहको अधिवेशन प्रभावित भएपछि कांग्रेसले पुनः कार्यतालिकामै संशोधन गरेको महामन्त्री पूर्णबहादुर खड्काले जानकारी दिए । सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच कार्यतालिका फेरबदल गर्ने विषयमा शुक्रबार बिहान सहमति भएको थियो । देउवा र पौडेलबीच बिहीबार पनि बालुवाटारमा भेटवार्ता भएको थियो । त्यसक्रममा पौडेलले वडा अधिवेशन सम्पन्न भएपछि ७५३ वटै पालिकाको अधिवेशन एकैदिन गर्नुपर्ने प्रस्ताव गरेका थिए । शुक्रबार बिहान पुनः नेता पौडेल, महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंहसहित नेताहरुले देउवालाई भेटेर ध्यानाकर्षण गराएका थिए ।

त्यहीअनुसार शुक्रबार केन्द्रीय निर्वाचन समितिका संयोजक महादेव यादवले विज्ञप्ति जारी गर्दै कार्यतालिकामा हेरफेर गरिएको जानकारी दिए । उनकादअनुसार अब क्रियाशील सदस्यताको विवाद मिल्न बाँकी जिल्लामा सदस्यताको विवाद समाधान गरी ५ असोजमा वडा अधिवेशन हुनेछ ।

त्यस्तै, आइतबारका लागि तोकिएको पालिका तहको अधिवेशन ९ असोजका लागि सारिएको छ । त्यस्तै, १२ असोजमा प्रदेश सभा क्षेत्र, १५ असोजमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र र एकमात्र क्षेत्र भएका जिल्लाको अधिवेशन तथा १८ असोजमा दुई वा सोभन्दा बढी क्षेत्र भएका जिल्लाको अधिवेशन गर्ने संशोधित कार्यतालिकामा उल्लेख छ ।

कांग्रेसले यसअघि २७ भदौ अर्थात् आइतबारका लागि पालिका अधिवेशनको मिति तोकेको थियो । तर, शुक्रबारसम्म पनि वडा अधिवेशन नै सकिएको छैन । भदौ १८ मै ७७ वटै जिल्लामा वडा अधिवेशन गर्ने कार्यतालिका थियो । तर, २० वटा जिल्लामा क्रियाशील सदस्यताको विवाद अझै पनि सुल्झिएको छैन । पौडेल समूहले ६७४३ वटै वडामा एकैदिन अधिवेशन हुने वातावरण बनाउन आन्दोलन नै गरेको थियो । तर, सदस्यताको विवाद समयमै नमिलेका कारण पार्टीको वैधानिकता जोगाउन भन्दै नेताहरुले १८ भदौमै वडा अधिवेशन सुरु गर्नैपर्ने बाध्यतामा वडा अधिवेशन सुरु भयो ।

केन्द्रीय निर्वाचन समितिले ५७ जिल्लाको मतदाता नामावली प्रकाशन गरी अधिवेशनको प्रक्रिया अघि बढाएको छ । तीमध्ये कतिपय जिल्लामा अहिले पनि अधिवेशन भइसकेको छैन ।

यसअघि प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय तथा एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते र एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते गर्ने कार्यतालिका थियो । प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशन भने यसअघि घोषित मितिमै हुनेछ । कांग्रेसले प्रदेश अधिवेशन कात्तिक १०, ११ र १२ गते र केन्द्रीय महाधिवेशन मंसिर ९-१३ मा गर्ने कार्यतालिका छ ।

## धेरै मत ल्याएर जित्छु–देउमान



***बिर्तामोड (प्रस) ।*** नेपाली काँग्रेस झापाका लागि सभापतिका उम्मेद्वार देउमान थेबेले आफू धेरै मत ल्याएर निर्वाचित हुने दावी गरेका छन् । नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तरगत नगर अधिवेशन आउँदै गर्दा झापामा जिल्ला अधिवेशनका लागि कांग्रेस नेता कार्यकर्ताले उम्मेद्वारी घोषणालाई तीब्रता दिएका छन् । वडा अधिवेशन सम्पन्नसंगै गाउँ तथा नगर अधिवेशनको मिति नजिकिदै छ । त्योपछि जिल्ला अधिवेशन नजिकिदै गर्दा उम्मेद्वार थेबेले आफूले अत्याधिक

❖ **बाँकी अन्तिम पृष्ठमा**

# झापा गापामा एकैदिन दुईवटा शव बरामद



***कुमरखोद (प्रस) ।*** झापा गाउँपालिकामा एकैदिन दुईजना व्यक्तिको शव फेला परेको छ । झापा गाउँपालिका वडा न २ को वालुवाटार गाउँस्थित सुन्दरलाल राजवंशीको खाली घरको दलानमा उत्तानो परी नाङ्गै सुतिरहेको अबस्थामा एउटा शव फेला परेको हो । ४० वर्षिय मन्जु टुडुको शव त्यहाँ फेला परेको हो । मृतक झापा गाउँपालिका वडा ५ की स्थायी वासिन्दा हुन् । त्यस्तै अर्को शव झापा १ को सालमारा गाउँको सिरीसाईला मुर्मुको धान खेत पश्चिम माईखोलाको किनारमा फेला परेको छ । नाम ,थर ठेगाना नखेलेको घोप्टो परेको अवस्थामा रहेको महिलाको शवलाई उल्टाइपल्टाइ हेर्दा शवको कम्मरभन्दा मुनि पुठ्ठाको भाग र आन्द्रा रहेको, घुँडामुनि देखिको भाग केही नरहेको ईलाका प्रहरी कार्यालय कुमरखोदका प्रमुख प्रहरी नायव निरीक्षक नारायण प्रधानले जानकारी दिएका थिए । दुवै शवहरुलाई स्थानीयवासीहरुले देखेपछि ईलाका प्रहरी कार्यालय कुमरखोदलाई जानकारी गराएका थिए । दुवै शवलाई पोष्टमार्टमको लागि पठाएको जनाइएको छ ।

राष्ट्रियता लोकतन्त्र समाजवाद

**नेपाली कांग्रेस**
**१४ औं महाधिवेशन: २०७८**

**हामी प्रतिबद्ध छौँ - एक व्यक्ति एक पद , एक व्यक्ति एक कार्यकाल**

नेपालमा लोकतन्त्र एवं नागरिक अधिकारको स्थापनाको निम्ति आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। नेपाली काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत सम्पन्न भैसकेको वडा अधिवेशनबाट निर्वाचित हुनुभएका सम्पूर्ण वडा सभापति लगायत वडा समितिका पदाधिकारी , सदस्यहरु तथा क्षेत्रीय प्रतिनिधिहरुमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

आदरणीय वडा सभापति तथा क्षेत्रीय प्रतिनिधि साथीहरु ,
महामानव बिश्वेश्वर प्रसाद कोइरालाले प्रतिपादन गर्नुभएको प्रजातान्त्रिक समाजवादको निर्दिष्ट सिद्धान्तलाई आत्मसात गर्दै नेपाली काँग्रेसलाई हाम्रो नगरमा अझै सशक्त , जुझारु र गतिशील बनाउँदै स्थानीय नागरिक, पार्टीका समर्थक, शुभचिन्तक एवं काँग्रेसका प्रतिबद्ध कार्यकर्ताहरुको भावना एवं चाहना अनुरुप अगाडी बढाउनुपर्ने महान अभियानमा हामी होमिएका छौं । विगतमा पार्टीभित्र देखिएका विविध कमीकमजोरी , नातावाद , कृपावाद , रिक्तता र तिक्तता जस्ता क्रियाकलापहरुलाई पूर्णरुपमा चिर्न हामी निर्वाचित सम्पूर्ण प्रतिनिधिहरु अब यस महान अभियानका पक्षमा उभिन एवं सामेल हुन अत्यन्त जरुरी भएको छ । यसैक्रममा यही मिति २०७८ असोज ०९ गते हुन गइरहेको नेपाली काँग्रेस बिर्तामोडको नगर अधिवेशनमा यस अभियानको तर्फबाट निम्न अनुसारका पार्टीप्रति निष्ठावान , क्षमतावान तथा योग्य उम्मेद्वारहरुको छनौट गरी जुझारु , गतिशील एवं कुशल नेतृत्वको टीम निर्माण गरी अनुमोदन गर्न यहाँहरुसमक्ष आएका छौं । हामीलाई बिश्वास छ तपाईहरुले आत्मा साक्षी राखी विधि र पद्धति पक्षधर हाम्रो टीमलाई अत्याधिक मतका साथ आगामी दिनमा नगरलाई नेतृत्व गर्ने जिम्मेवारी प्रदान गर्नु हुनेछ ।

**हाम्रा उम्मेद्वारहरु:**



कुल प्रसाद संग्रौला – नगर सभापति उम्मेद्वार
बलराम कार्की – उप-सभापति उम्मेद्वार
पशुपति राजवंशी – उप-सभापति उम्मेद्वार
दिपेन्द्र राउत – सचिव उम्मेद्वार
अच्युत दाहाल – सचिव उम्मेद्वार
धर्मेन्द्र सिटौला – सह-सचिव उम्मेद्वार
अमोद दाहाल – सह-सचिव उम्मेद्वार

**हाम्रा कार्ययोजनाहरु:**

१. नेपाली कांग्रेस झापाका नेता तत्कालीन जिल्ला सचिव स्व.लक्ष्मण खड्काको सपनालाई साकार पार्न उहाँकै परिवारजनबाट पार्टीलाई प्राप्त भएको जग्गामा एक वर्षभित्रै नेपाली कांग्रेस नगर कार्य समितिको सुविधायुक्त भवन निर्माण गरिनेछ । त्यसैगरी हाम्रो पार्टीका होनहार, कुशल र लोकप्रिय नेताहरु क्रमशः स्व. दिपेन्द्र पोखरेल र स्व. पर्शुराम सिटौलाको योगदानलाई स्मरण एवं कदर गर्दै पार्टीलाई अगाडी बढाइनेछ ।
२. समानुपातिक एवम् समावेशिताको सिद्धान्तलाई पूर्ण रुपमा लागु गर्दै हाम्रालाई भन्दा राम्रालाई योग्यता एवम् क्षमताको आधारमा उचित मुल्याङ्कन गरी अवसर एवम् जिम्मेवारी प्रदान गरिनेछ ।
३. बिर्तामोड कांग्रेसलाई गुट,उपगुट, नातावाद र कृपावादबाट टाढा राखी कार्यकताहरुलाई समेत अपनत्व हुने साझा चौतारी बनाईनेछ ।
४. विशेषगरी पार्टीमा युवाहरुको आकर्षण वढाउन विविध रचनात्मक कार्यहरु गरिने साथै ती कार्यहरुको जिम्मेवारी युवाहरुलाई नै दिइनेछ ।
५. आगामी स्थानीय , प्रदेश तथा संघीय निर्वाचनलाई केन्द्रविन्दुमा राखी हाम्रो पार्टीको जीत सुनिश्चित गर्न प्रभावकारी भूमिका खेलिनेछ ।
६. पार्टीलाई योगदान दिने अग्रज एवं शहिद परिवारहरु प्रति उचित सम्मान दिइनेछ र पार्टी संचालनमा उहाँहरुको रचनात्मक सल्लाह एवम सुझावहरुलाई सदैव ग्रहण गरिनेछ ।
७. नगर मातहतका सम्पूर्ण समितिहरुलाई कार्यगत प्रशिक्षण दिई समय–समयमा अन्तर वडा विभिन्न प्रकारका रचनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।
८. वडा एवम् टोलका समस्याहरुको पहिचान गर्न, समस्याहरुको समाधान गर्न टोल एवम् वडा समितिहरुसँग निरन्तर अन्तर संवाद गरिनेछ साथै नगरका हरेक गतिविधिहरु टोल एवम् वडाबाट प्राप्त सल्लाह र सुझावका आधारमा गरिनेछ ।
९. सम्पूर्ण बिर्तामोड क्षेत्रको विकासका लागि पार्टीको दीर्घकालिन ठोस नीति तथा योजना बनाई सार्वजनिक गरिनेछ साथै सवै पक्षसँग सहकार्य गरी कार्यान्वयनमा लागिनेछ ।
१०. विगतदेखि नै हाम्रो पार्टीमा हावी भएको एकै व्यक्तिले एकै पदमा पटक–पटक जिम्मेवारी लिने प्रवृतिको अन्त्य गर्ने र एक व्यक्ति एक पद, एक व्यक्ति एक कार्यकालको सिद्धान्तलाई अक्षरंसः पालना गरिनेछ ।
११. बिर्तामोड नगर मुलतः औद्योगिक एवं व्यवसायिक क्षेत्र भएकोले बिर्तामोडका अग्रज उद्यमी व्यवसायीहरुको एक सल्लाहकार समिति बनाई सो समितिको सल्लाह सुझावलाई ग्रहण गर्दै पार्टी संगठनको हितका लागि कार्यान्वयन गरिनेछ ।

आदरणीय महानुभावहरु , हामीले यो अभियानलाई अगाडी बढाइरहँदा यो अभियान कोही कसैप्रति लक्षित नभएको तथा पार्टीमा हावी गलत प्रवृतिको अन्त्य गर्न विशुद्ध शुद्धिकरण र सुदृढीकरण अभियान मात्र भएको यहाँहरुलाई जानकारी गराउन चाहन्छौँ। अन्त्यमा, हामीले माथि प्रस्तुत गरेका कार्ययोजनाहरु हामी निर्वाचित भएपछि पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौँ र कांग्रेस हुनुको गर्व हरेक कार्यकर्ता , समर्थक एवम् शुभचिन्तकहरुलाई महसुस गराउने समेत प्रतिवद्धता गर्दछौँ ।

जय नेपाल
बिर्तामोड नगरपालिका, झापा

राष्ट्र राष्ट्रियता लोकतन्त्र समाजवाद

**नेपाली कांग्रेस**
**१४ औं महाधिवेशन-२०७८**

**नेपाली कांग्रेसको चौधौं महाधिवेशन अन्तर्गत यहि असोज ०९ गते हुन गइरहेको बिर्तामोड नगर अधिवेशनमा भोजराज सिटौला नेतृत्वको सिंगो टिमलाई अत्याधिक बहुमतले विजयी गराऔँ ।**



भोजराज सिटौला – नगर सभापति उम्मेद्वार
सूर्य प्रसाद कन्दङ्वा – उप सभापति उम्मेद्वार
राजकुमार राजवंशी – उप सभापति उम्मेद्वार
उत्तम खनाल – सचिव उम्मेद्वार
दिवाकर प्रसाई – सचिव उम्मेद्वार
रमेश चौधरी – सह-सचिव उम्मेद्वार
दिनेश पराजुली – सह-सचिव उम्मेद्वार

- भावी दिनमा बलियो मजबुत, गुटरहित, व्यवस्थित र एकताबद्ध कांग्रेसको परिकल्पना
- स्थानीय निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारहरूलाई अत्याधिक बहुमतसहित निर्वाचित गराउने सुनिश्चितता
- नेपाली कांग्रेसको बिर्तामोड नगर कार्यालय भवन निर्माण गर्ने योजना
- पार्टीमा समान सहभागिता र समावेशिताको अनुभूति दिलाइने
- प्राप्त लोकतान्त्रिक गणतन्त्र र संविधानलाई मजबुत बनाउने संकल्प
- आम नागरिकको दु:खसुखमा साथ सहयोग गर्ने प्रतिवद्धता
- युवा तथा खेलकुदको क्षेत्रमा विकास गर्ने प्राथमिकता







# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाडा, झापा

दोस्रो पटक प्रकाशित मिति २०७८-०५-२६

## सडक पूर्वाधार उपयोग शुल्क, हाटबजार शुल्क बहाल भिटौरी पार्किङ्ग शुल्क र जलकर संकलनको लागी शिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वान सम्बन्धी सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार मिति २०७८-०३-३० मा प्रथम पटक हाटबजार र बहाल भिटौरी, सडक पुर्वाधार उपयोग कर, जलकर, विज्ञापन कर संकलनको लागी शिलबन्दी दरभाउपत्र प्रस्ताव आब्हान सम्बन्धी सुचना प्रकाशन गरिएकोमा मिति २०७८-०४-१० को कोरोना भाइरस प्रकोप नियन्त्रण समन्वय समितिको बैठकको निर्णयानुसार मिति २०७८-०४-११ शिवसताक्षी नगरपालिका भरी बन्दाबन्दी (शिल) गर्ने निर्णय भएबमोजिम अर्को सुचना प्रकाशन नभइन्जेल सम्मका लागि ठेक्का बन्दोबस्त स्थगित गरिएकोले ठेक्का हरुमध्ये निम्नानुसारका सडक पुर्वाधार उपयोग शुल्क, हाटबजार शुल्क र वहाल भिटौरी र पार्किङ विज्ञापन करको मात्र ठेक्का बन्दोबस्तको लागि न्युनतम अंक नघटाइ आ.व. २०७८/०७९ वर्ष १(एक) को लागि तोकिएका शर्तमा ठेक्का लिन चाहने इच्छुक फर्म वा सस्थाले रितपुर्वक निम्न ठेक्काहरुको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

<u>ठेक्का सम्बन्धी विवरण:</u>

- इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुबाट सुचना प्रकाशन मितिले ७(सातौं) औ दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) नगदै बुझाइ नगदी रसिदका साथ आ.व. संस्था दर्ता/नविकरण प्रमाणपत्र, स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७६/०७७ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ । साथै प्रथम पटक प्रकाशित सुचना बमोजिम संबन्धित ठेक्काको ठेक्का फारम खरिद गरिसकेका फर्महरुले सोही खरिद गरेको फारमबाटै ठेक्का प्रस्ताव गर्न सकिने ।
- आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलव्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ८ (आठौं) दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा खरिद दर्ता र खोलिने छ ।
- शिलबन्दी दरभाउत्रका साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा मेगा बैक नेपाल लिमिटेड विर्तामोड शाखामा रहेको धरौटी खाता न ३१४००१००००१६१ मा नगदै जम्मा गरी सक्कलै भौचर वा ७५(पचहत्तर) दिनको म्याद भएको मान्यताप्राप्त (क) वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड बण्ड (बैक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।
- यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ
- अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

| क्रं सं | सुचना प्रशाशन मिति | ठेक्का फारम खरिद गर्ने अन्तिम दिन (सातौं दिन) | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन (आठौं दिन) | कैफियत |
|---|---|---|---|---|
| | २०७८-०५-२६ | २०७८-०६-०१ (कार्यलय खुल्ने समय भित्र) | २०७८-०६-०४ (दिनको ठीक १२:०० बजे सम्म) | |

शिवसताक्षी नगरपालिका आन्तरिक आयको न्युनतम ठेक्का अंक विवरण

| ठेक्का नं | विवरण | आगामि आ व २०७८/०७९ न्युनतम ठेक्का अंक | कैफियत |
|---|---|---|---|
| | **हाटबजार र बहाल भिटौरी** | | |
| १ | धौले चौक, व्याङडाँडा, चन्द्रडाँगी, शिवगञ्ज र लालपानी हाट बजारहरुको हाटबजार र बहाल भिटौरी | ३२५,०००.०० | |
| २ | शिवगञ्ज पशु बजार | ९०,१००.०० | |
| ३ | दुधे बजार –बहाल भिटौली | २००,०००.०० | |
| ४ | माईधार हाट बजार र बहाल भिटौरी | १००,०००.०० | |
| ५ | मंलबारे हाट बजार र बहाल भिटौरी वडा नं. २ | १५०,०००.०० | |
| ६ | बुल्लु चौक्, जनता बजार, रंगियाथान, पाँचगाछी पुरानो बजार र पाँचगाछी नया हाट बजार र बहाल भिटौरी शिवसताक्षी वडा नं. ४ | ३६५,१००.०० | |
| १४ | झिलझिले बजार–बहाल भिटौरी | ६००,०००.०० | |
| १५ | धरमपुर हाट बजार र बहाल भिटौरी वडा नं १ | ५०,०००.०० | |
| १६ | पाराबारी बजार बहाल भिटौरी वडा नं. ३ | ७५,०००.०० | |
| ७ | कन्काई नदि जल कर (शिवसताक्षी नगरपालिका क्षेत्र) | १००,५००.०० | |
| ८ | दोमुखा पार्किङ्ग शुल्क | ४००,०००.०० | |
| | **सडक पुर्वाधार उपयोग शुल्क** | | |
| १० | माईधार –दोमुखा सडक पूर्वाधार उपयोग शुल्क | ४००,०००.०० | |
| १३ | झिलझिले सतासीधाम सडक पुर्वाधार उपयोग शुल्क | ७५,१००.०० | |
| १७ | डुँडामारी –हल्दारचौक सडक पूर्वाधार उपयोग शुल्क | ५०,०००.०० | |










# गायक राजु चौधरीको निधन



***बिर्तामोड (प्रस) ।*** स्थानीय रेडियम व्याण्डका गायक तथा गितारिस्ट राजु चौधरीको निधन भएको छ ।

झापा बिर्तामोड निवासी चौधरी ए प्लास्टिक एनिमियाबाट पीडित थिए । उनी करिब २ महिनादेखि उपचारका क्रममा थिए । उनको शुक्रबार बिहान ११ बजे भारतको दिल्लीमा निधन भएको फर राजु चौधरी अभियानका सदस्य विशाल अग्रवालले जानकारी दिए ।बिरामी भएपछि बिर्तामोडको बिएन्डसी, विराटनगर, काँठमाडौं हुँदै पछिल्लोपटक भारतको दिल्लीमा उपचार भइरहेको थियो ।तर, बिहीबार बेलुका अचानक उनको रगतमा अति संक्रमण भएपछि भेन्टिलेटरमा राखिएको थियो । तर, उपचार जारी राखे पनि उनलाई बचाउन नसकिएको चिकित्सकलाई उदृत गर्दै उनले बताए ।राजुलाई बचाउनका लागि स्थानीय एलाइट युथ क्लब बटारेसहित विभिन्न संघसंस्थाले अभियान नै सञ्चालन गरेर आर्थिक सहयोग जुटाइरहेका थिए । बिहीबार मात्र क्लब र अष्ट्रेलियामा संकलित २ लाख २९ हजार राजुको बैंक खातामा जम्मा गरिएको थियो ।यस्तै स्याडोज व्याण्डका स्वप्निल शर्मा र अनुप्रस्थका निरन शाहीले पनि विभिन्न स्थानमा पुगेर राजुका लागि आर्थिक सहयोग जुटाउँदै आइरहेका थिए ।उनको निधनसँगै बिर्तामोडका युवा समुदाय, कलाकारिता क्षेत्रमा लागेका युवा र उनका प्रशंसक स्तब्ध बनेका छन् ।

# चन्द नेतृत्वको नेकपाको विरोध रयाली




***भद्रपुर (प्रस) ।*** नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले एमसीसीको विरोध गर्दै झापाको सदरमुकाम चन्द्रगढीमा वृहद प्रदर्शन गरेको छ ।

एमसीसी राष्ट्रघाती कदम भएकोले संसदमा अनुमोदन नगर्न दवावस्वरूप सदरमुकाममा नेकपा झापाले विरोध प्रदर्शन गरेको हो । एमसीसीबिरूद्ध चर्को नारावाजी गर्दै नेकपाका झापा जिल्ला इञ्चार्ज सुमन लिम्बूको नेतृत्वमा चन्द्रगढीस्थित ट्रेड युनियन चौकबाट सुरू भएको विरोध र्याली‍ले सदरमुकामस्थित सरकारी परिसर हुँदै बजार परिक्रमा गरेको थियो ।

## धेरै..

बहुमतले जित्ने दावी गरेका हुन् । शुक्रबार आयोजित पत्रकार भेटघाटमा उनले अहिले चुनावी प्रतिष्पर्धा हुनेजस्तो देखिएपनि अन्ततः सर्वसम्मतबाट आफू सभापति चुनिने दावी गरे । जिल्लामा राम कट्टेलको पनि उम्मेद्वारीको चर्चा चलिरहेका बेला थेवेले सहमति सहकार्य र एकताबाट नै नेपाली काँग्रेस झापाको १४ औं जिल्ला अधिवेशन सम्पन्न हुने बताए । १३ औं महाधिवेशनमा आफू सहमतिका लागि सभापति पदको उम्मेद्वारबाट पछि हटेको स्मरण गर्दै उनले १४ औं महाधिवेशनमा आफू नै सभापतिको बलियो उम्मेद्वार भएको दावी गरे । सभापतिका लागि कट्टेलको चर्चा गर्दै थेवेले चुनावसम्ममा सहमति र सहकार्यकै लागि प्रयत्न हुने बताए । 'हाम्रा नेताहरुको प्रत्यत्न उम्मेद्वारी घोषणा नगरुञ्जेलसम्म नै रहन्छ । म त्यो अवस्थामा पनि पछि हट्ने छैन' उनले भने,'मेरो उम्मेद्वारी पार्टीका शीर्ष नेताको सल्लाह अनुसार भएकाले सभापति पदका लागि अर्को कुनै विकल्प नै छैन ।' झापाका १५ वटै स्थानीय तहमा असोज ९ गते हुने निर्वाचनमा पनि सर्वसम्मत गर्ने प्रयास जारी रहेको बताउँदै झापा गाउँपालिकामा सर्वसम्मत हुने प्रक्रिया पूरा भइसकेको उनले जानकारी दिए ।

gj ;~rf/ uf[x k|lt-åf/f kbsflzt tyf gj ;~rf/ ck[m;]6df dlbt sfof{no ebk|/ a; :6]8 klZrd, uh'/dv]6fh, latf{df]8 -emfkf_ kmf]g g+ )@#–%$#*@) 0d]n pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कम्युनिस्टलाई नफाकै हो ?

दुईतिहाई बहुमतको सरकार बनाएको कम्युनिस्ट पार्टी अहिले छिन्नभिन्न भएको छ । साविक नेकपा अहिले तीन टुक्रा भएको छ । अझै कति टुक्रा हुने हो थाहा छैन । पहिला पनि पुष्पलाल, तुलसीलाल, बर्मा, मानन्धर, केशरजंगका गुटहरू थिए । अहिले कम्युनिस्टहरु ०२५/३० को हालतमा झरेका छन् ।

२०५४ सालमा नेकपा एमाले काँक्रो चिरिए जसरी चिरियो तर त्यसलाई नेकपा (एमाले) ले नै टाल्यो, अहिले पनि फुटेको छ एमाले । तलदेखि माथिसम्मै भत्किएको छ । यो फेरि चटक्कै जोडिन्छ भन्ने लाग्दैन ।

नेपालमा ३ थान ठूला पार्टी छन् समाजवादको सपना देख्ने तर तिनै समाजवादको सपना देख्नेहरू नै एकअर्काविरुद्ध जुधेर जात्रा देखाइरहेका छन् । नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी र नेकपा (एमाले) । यी तिनैको लक्ष्य समाजवाद हो तर पुँजीवाद नआउँदै एकअर्काका ज्यानमारा शत्रु भएका छन् । हुन त मदन भण्डारीले प्रतिस्पर्धामार्फत आफूलाई अब्बल देखाउन बहुदलीय जनवाद भनेका थिए तर अहिलेको लडाइँ मदन भण्डारीले भनेको जस्तो छैन । नेपाली कांग्रेस मदन भण्डारीलाई प्रजातान्त्रिक नेता मान्दैन । उसले जहिले पनि नेपाली कांग्रेसको बीपीको समाजवाद देख्छ । अहिलेका नेपाली कांग्रेसका नेताहरूले दस्तावेजमार्फत समाजवादको खण्डन गरेका छैनन् । कथित प्रजातन्त्रसँग दर्जनौं उपशीर्षक छन् जस्तैः उदारवाद, नवउदारवाद आदि इत्यादि । समाजवाद पो शत्रु भयो पुँजीवादको, उदारवाद त पूँजीवादकै पोष्यपुत्र न हो । नेपाली कांग्रेसले आफ्नो कित्ताकाट गर्नुपर्छ अब । उनीहरू को तिर छन् ? उदारवादी पूर्व पञ्चतिर कि समाजवादी वामपन्थीतिर !

सिद्धान्तहीन भएकै कारणले देशमा राजनीति फोहोरी भएको छ । सबैको स्पष्ट धारणा हुनुपर्‍यो अनि त्यो व्यवहारमा देखिनु पनि पर्‍यो । नेकपाका एमाले, समाजवादी र माओवादी । यी ३ दलले पनि आफ्नो कित्ताकाट गर्नुपर्‍यो तर कित्ताकाट गर्दा जनताको बहुदलीय जनवाद नमान्नेलाई समाजवादउन्मुख पार्टी भन्दैनौं भन्ने पनि छन् । किनभने जनताको बहुदलीय जनवाद नै आजको नेपालको मार्क्सवाद भन्ने बुझाइ छ । सिद्धान्तसँगै राजनीतिक दलका नेताहरुको निच स्वार्थका कारण कम्युनिस्ट फुट्दै गएका हुन् ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कथा बिरासतको



• किशोर नेपाल

प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा तथा श्रीमती आरजु देउवाका सुपुत्र जयवीर देउवा कांग्रेसको क्रियाशील सदस्य बनेको विषयले अहिले कांग्रेसको राजनीतिक वृत्त तातेको छ । देउवाको गृहजिल्ला डडेलधुरा तात्नुको अर्को कारण त्यहाँको पार्टी कार्यालयसँग खेलिएको जालसाजी पनि रहेको छ ।

कांग्रेसको जिल्ला कार्यालयबाट केन्द्रमा पठाइएको सूचीमा चार सय ६० जनाको निर्विवाद क्रियाशील सदस्य सदर थियो । त्यसलाई हटाई जिल्लाका कुनै पनि निकायमा कुनै जानकारी नै नभएका तीन सय १२ जनाको नाम त्यसमा थपिएको छ । यो जाली काम डडेलधुरामा पहिलोपल्ट भएको हो । देउवा परिवारसँग सम्बद्ध सूत्रका अनुसार ‘ जयवीर देउवालाई कांग्रेसको ‘हाइप्रोफाइल’ सदस्य बनाउनु र महाधिवेशनको मुखमा क्रियाशील सदस्यतामा यस्तो जालसाजी गर्नुको कुनै तुक छैन । यसले कांग्रेसका मतदातामा अविश्वासको सिर्जना भएको छ । यो काम श्रीमती आरजु देउवाको इसारामा गरिएको हो ।’

कांग्रेसको नेतृत्वमा जम्ने महत्वाकांक्षाको तुष्टिका लागि पछिल्लो निर्वाचनमा कैलालीबाट पराजित भएदेखि नै श्रीमती देउवाको आँखा डडेलधुरातिर तानिएका हो । सभापति देउवाको निर्वाचन क्षेत्र भनेर चिनिएको डडेलधुरामा जयवीरलाई आफ्नो बाबुको विकल्पका रूपमा स्थापित गर्ने दूरगामी दृष्टि राखिएको बताउँछन् जानिफकारहरू ।

सभापति देउवा वृद्धावस्थाका कारण धेरै सक्रिय हुन पनि नसक्ने र न्याय-अन्यायको छ्यान विचार पनि गर्न नसक्ने अवस्थामा पुगेकाले उनलाई आगामी निर्वाचनमा समानुपातिकतिर धकेलेर छोरा जयवीरलाई बाबुको उत्तराधिकार दिलाउने विचार श्रीमती देउवाले राखेको चर्चा डडेलधुराको राजनीतिक वृत्तमा चल्न थालेको छ । जयवीर देउवाको कांग्रेस प्रवेश त्यति महत्वपूर्ण विषय होइन । तर, छोरा जयवीरलाई बाबु शेरबहादुरको बिरासत धान्ने प्रतिनिधिका रूपमा कांग्रेसमा स्थापित गर्न खोजिनु आफैँमा हास्यास्पद हो ।

नेपालको राजनीतिमा जे पनि हुन्छ । त्यसमा पनि सत्ताको खेलमा माहिर राणा परिवारकी चेली आरजु राणा राजनीतिक हिसाबले कुटिल मानिन्छिन् । कहाँ कसलाई कसरी खेलाउनुपर्छ र कसरी लडाउनुपर्छ, उनमा त्यसको विषद ज्ञान रहेको बताइन्छ । कांग्रेसमा कोइराला, सिंह, राणा, भट्टराई, उपाध्याय र निधिहरूको बिरासत रहेजस्तै ‘देउवा-राणा’ को पनि बिरासत र वर्चस्व कायम हुनुपर्छ भन्ने मानसिकता, नेपालको खानदानी परम्परा र परिवेशमा अस्वाभाविक होइन ।

नेपालको राजनीतिमा बिरासतको कुरा गर्दा कांग्रेसजनको नाम अगाडि आउँछ । कम्युनिस्ट राजनीतिमा बिरासतको प्रवृत्ति देखिँदैन । नेपाल कम्युनिस्ट पार्टीका नेता पुष्पलालकी श्रीमती साहना प्रधान २०४६ को परिवर्तनपछि राजनीतिक परिदृश्यमा नदेखिएकी होइनन् । तर, त्यो बिरासतमा पाएको भन्दा पनि आफ्नै मिहिनेतले फलाएको फल थियो । एमालेका स्वर्गीय नेता मदन भण्डारीकी पत्नी विद्या भण्डारी बिरासतको हाँगो समातेकै भरमा राष्ट्रपति भएकी छिन् । यी दुईका अतिरिक्त कम्युनिस्ट नेताका छोराछोरीले ‘योग्य’ बाबुको बिँडो थामेको देखिन्न ।

तर, कांग्रेसमा बिरासतको राजनीति गरेको अभियोग सबै ठूला नेताका छोराछोरीले धानेका छन् । कांग्रेसका संस्थापक अध्यक्ष बिपी कोइरालाका सुपुत्र प्रकाश कोइरालाको दाबीअनुसार उनले बिरासतको राजनीति गरेनन् । उनको राजनीति उनको आफ्नै खुशीराजीको दस्ताबेज रह्यो । उनलाई महाराज ज्ञानेन्द्रले मन्त्री बनाए । उनी बिपीका सुपुत्र नभएर ‘सडकको साधारण मानिस’ भएको भए पक्कै पनि महाराजका मन्त्री बन्ने थिएनन् । यसबाट प्रकाश कोइरालाले बिरासतको राजनीति नगर्दा पनि उनी कोइराला बिरासतबाट पृथक् छैनन् भन्ने प्रस्ट हुन्छ ।प्रकाश कोइराला बिरासतको लहरबाट बाहिरिएपछि बिपीका कान्छा सुपुत्र शशांक कोइरालाको नाम सबभन्दा अगाडि आउनु स्वाभाविक हो, जो अहिले कांग्रेस महामन्त्री छन् । उनले आगामी चौधौँ महाधिवेशनमा सभापति पदमा चुनाव लड्ने विचार राख्दै आएका छन् । महाधिवेशनमा चुनावको राजनीतिक समीकरण कसरी अगाडि बढ्दै जान्छ ? त्यसैमा शशांकको उम्मेदवारी निर्भर रहन्छ । शशांकमा मानवीय गुणको कमी छैन । मानिस सुन्दर छन् । मीठो बोल्छन् । कांग्रेसमा बोलिने कपटको भाषा उनी बोल्दैनन् । त्यसबाहेक, सभापतिमा चुनाव जित्ने वा सभापति पद चलाउन सक्ने उनको योग्यता भनेको बिरासत नै हो । कांग्रेसका केही नेताका अनुसार अहिले कांग्रेसमा सभापति पदको भोट एकमुस्ट पाउने एक मात्र उम्मेदवार शशांक नै हुन् । उनलाई कांग्रेस सभापतिको उम्मेदवारका रूपमा हेर्न युवा-युवतीको ठूलो भिड सडकमा ओइरिनेछ । तर, कांग्रेस सभापति बन्नका लागि युवा-युवतीको भिडभन्दा कांग्रेस प्रतिनिधिको भीड लाग्नुपर्छ ।

यो सत्य हो, शशांक कांग्रेसको तेह्रौं महाधिवेशनमै सभापति पदमा लड्न लालायित थिए । तर, त्यतिवेला शेरबहादुर देउवाविरुद्ध उम्मेदवारी नदिन शशांकलाई ‘ प्रभावशाली’ ठाउँबाट बाध्य पारियो । चौधौँ महाधिवेशनमा उनको उम्मेदवारीलाई सघाउने वचनबद्धतापछि उनी महामन्त्रीमा चुनाव लडेका थिए । यसपटक ‘प्रभावशाली’ रणनीति के रहनेछ ? भन्न सकिँदैन ।

बिरासतको लहरमा शशांकपछि सुनिने नाम हो, शेखर कोइराला । बिपी कोइरालाका माहिला भाइ केशवप्रसाद र नोना कोइरालाका कान्छा सुपुत्र शेखर पेसाले विशेषज्ञ चिकित्सक भए पनि राजनीतिबाट उनी कहिल्यै बाहिर रहेनन् । हो, केही वर्ष पढाइका लागि उनी भारत बसे । नेपालको राजनीतिले उनलाई त्यहाँ पनि छोडेन । उनको जीवन विराटनगरमै बित्यो ।

चिकित्सा पेसा र आन्दोलनमा सहभागिता सबै एकैसाथ चलिरहन्थ्यो । कोइराला बिरासतका एक अंशियार हुन शेखर । कोइराला निवासको शक्ति विस्तारमा शेखरकी आमा नोनाको योगदान अभूतपूर्व छ । तर, शेखरमा त्यो बिरासतकै मात्र लोभ छैन । उनी बिरासतबाहेक आफ्नो शक्तिमा पनि विश्वास राख्छन् । तेह्रौं अधिवेशनमा सर्वाधिक मत ल्याएर उनी केन्द्रीय सदस्य चुनिएका थिए । उनी एकपटक अथवा एक कार्यकालका लागि सभापति भएर कांग्रेसको कायापलट गर्न चाहन्छन् ।

हालका लागि कोइराला बिरासतकी अन्तिम दाबेदार हुन सुजाता कोइराला । पिता गिरिजाप्रसाद कोइरालाले सत्ताको सिँढी उकाल्न धेरै प्रयत्न गरे पनि उनी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्था स्थापना र सञ्चालनमै रमाइन् । उनी वेला-वेलामा आफू पनि कांग्रेस सभापति पदमा चुनाव लड्ने कुरा गर्छिन् । कोइराला परिवारको यो वृत्तबाहिर पनि कांग्रेसको बिरासत रहेको छ । कांग्रेसका असल नेता मानिनुहुने सुवर्ण शमशेरका सन्तानले बिरासत राजनीतिको आनन्द लिन चाहेनन् । राजनीतिमा झलक्क देखिएका रुक्मशमशेर राणा खेलकुदको संसारमा रमाए, राजनीति गरेनन् । राणा बिरासतकै सागरशमशेर र उनका छोरा उदयशमशेर राजनीतिमा निरन्तर छन् । बाबुछोरा दुवैले राणा बिरासतको खोजी गरेका छैनन् । कृष्णप्रसाद भट्टराईले आफ्नो बिरासत खडा गरेनन् । सूर्यप्रसाद उपाध्याय पनि बिरासतको झन्झटमा परेनन् ।

कोइरालापछि सबभन्दा ठूलो राजनीतिक बिरासत खडा भयो, गणेशमान सिंहको । यो बिरासत सिंहको खानदानका कारण पनि ठूलो थियो । सिंहले आफ्नो बिरासत वा उत्तराधिकार भन्ने जस्तो कुनै कुरा खडा गरेनन् । उनलाई आफू काठमाडौंको प्रसिद्ध काजी खलकको सदस्य हुँ भन्ने गुमान पनि थिएन । बिपी कोइरालाले पनि कहिल्यै आफ्नो बिरासत अँगालेनन् । कांग्रेसका यी दुवै शीर्ष नेताको विशेषता त्यही हो । खानदान र राजनीतिक बिरासत दुई नितान्त भिन्न कुरा हुन् ।

गणेशमान सिंहसँग भारदारी खानदान र राजनीतिक बिरासत दुवै थियो । सिंहले यी दुवैको उपयोग कहिल्यै गरेको कसैले थाहा पाएन । अहिले सिंहको बिरासत ‘धान्ने’ काम सिंहका कान्छा सुपुत्र प्रकाशमानले गरिरहेका छन् । पछिल्लो समयको राजनीतिमा प्रकाशमानको आफ्नै योगदान छ । यसैको बलबुतामा उनले कांग्रेस सभापति बन्ने दृढ अठोट लिएका छन् । अब उनले आफ्नो अठोटलाई कसरी पूरा गर्नेछन् र बिरासतको प्रतिष्ठा कसरी जोगाउँछन्, त्यो हेर्न बाँकी छ ।

बिरासतकै सन्दर्भमा आउने अर्को नाम हो- महेन्द्रनारायण निधि । मधेसको लोकतान्त्रिक राजनीतिमा निधिको नाम नलिए त्यो अधुरो रहन्छ । निधि आफैँमा बिरासत पनि होइनन् । एक सामान्य परिवारका मानिस, आफ्नो चिन्तन र कर्मले नेपालको लोकतान्त्रिक राजनीतिको शीर्ष स्थानमा स्थापित भएका हुन् निधि ।

उनका कान्छा छोरा विमलेन्द्र निधिले कांग्रेसको चौधौँ महाधिवेशनमा आफूलाई सभापतिको उम्मेदवारका रूपमा प्रस्तुत गरेका छन् । विमलेन्द्रको आफ्नै पृष्ठभूमि छ । आफ्नै राजनीति छ । उनको नेतृत्व क्षमताको जाँच स्वयं बिपी कोइरालाबाटै भएको थियो । २०३६ सालको उत्तरार्द्धमा बिपीकै संकेतमा विमलेन्द्र सबभन्दा कम उमेरमा नेपाल विद्यार्थी संघका अध्यक्ष निर्वाचित भएका थिए । त्यसपछि पनि उनले उत्कृष्ट योगदान दिएका छन्, नेपालको लोकतान्त्रिक राजनीतिमा ।

वास्तवमा भन्ने हो भने नेपालमा बिरासतको राजनीतिको प्रचलन छैन । अहिलेसम्म देखिएका विशिष्ट नेताहरू कसैले पनि आफ्ना भाइ-छोराको हातमा पार्टीको सत्ता सुम्पिएको देखिएको छैन । नेपालमा बिरासत शब्दले मानिसलाई झस्काउँछ । बिरासतको नाममा भारतका ठूला पार्टीमा सन्तानको उत्थान गर्ने जुन राजनीति देखिएको छ, त्यसको प्रतिक्रिया डरलाग्दो छ । त्यसको प्रभाव नेपालमा नपरोस् भन्ने चाहना हो सबैको । कांग्रेसको राजनीतिमा दशकौँ बिताएका राजनीतिज्ञहरूले भोलि जयवीर देउवाको झोला बोक्नुपर्‍यो भने त्यो कस्तो प्रणाली साबित होला ? कस्तो राजनीति होला त्यो ? सोच्नुपर्ने विषय हो यो ।

# निराहार व्रत र दरको भुमरीमा तीज



• गीता मैनाली

यस वर्ष भदौं २४ गते हिन्दु नारीहरुको महान पर्व हरितालिका तीज परेको थियो । तीज भन्ने बित्तिकै पोषिलो मिठो खाना खाने र रातो पहिरनमा सोह्र सिंगार गरेर नाच्ने पर्वको रुपमा बुझिन्छ । हामी हिन्दुहरु धर्म, संस्कृति र संस्कारमा धनी छौं। हिन्दु धर्मभित्रको एउटा संस्कृति र संस्कार बोकेको तीज पछिल्लो समय विश्वभरि मौलाउँदै छ । जहाँ जहाँ नेपाली नारी पुगेका छन् त्यहाँ त्यहाँ तीज पर्व मनाउने चलन चलेको छ। तीजमा विदेशी महिलाहरु पनि आकर्षित हुँदैछन्। तीज नितान्त महिलाले मनाउने पर्व हो। यसमा रातो रंग, सात्विक पोषिलो खाना र गाना, बजाना, नाच प्रयोगमा आउँछ। हुनेले नहुनेलाई दिने र समान आर्थिक हैसियत भएकाले एकअर्कामा उपहार, सुखदुख साटासाट गरी यो पर्व मनाइन्छ। विषेश गरी विवाहित महिलाको बाहुल्यता रहेको तीजमा श्रीमान र दाजुभाइले आफ्नी श्रीमती एवं दिदी बहिनीलाई खुसी राख्न उपहारको रुपमा आर्थिक सहयोग गर्ने गर्दछन्।

**तीज**

प्राचीनकालमा हिमालय पुत्री पार्वतीले आफूले रोजेको महादेवलाई पतिको रुपमा पाउन गरेको संघर्षको नाम तीज हो। त्यसका लागि उनले साथीहरुको सहयोगमा घर छोडेर जंगलमा भागिन् र निराहार व्रत ( भोक हड्ताल ) बसिन्। पर्वत राजा हिमालयलाई उनकी रानी मेनकाले छोरीको ईच्छा पुरा गराएर जीवन रक्षा गरिदिन आग्रह गरिन्। फलस्वरुपः पिता हिमालयले छोरी पार्वतीले मन पराएको महादेवसँग विवाह गरिदिए। महादेवका परिवारमा बाआमा, दाजुभाइ, दिदी बहिनी कोही पनि नभएकाले पार्वतीले कसैसँग गुनासो गर्नु परेन। उनीहरु सँधै एकअर्काका पुरक भएर बसे। आज हामीले पुज्ने गरेका महादेव पार्वती उनै हुन्। उनीहरुको प्रेम कहानी अमर छ।

पौराणिक कालमा न्याय अन्याय छुट्याउने तराजुको नाम नै पाप र धर्म थियो। धर्मको आँडमा जन्मेको तीज सामाजिक र साँस्कृतिक पर्व हो। माता पार्वतीले परिवारभित्र गरेको संघर्षपछि योगमायाले समाज र समाजले बसाएको कुसंस्कारका विरोध गरिन्। योगमायाको पालामा छोरीले ज्वाई रोज्न पाउँदैनथे। त्यतिबेलाको समाजमा वालविवाह र सती प्रथा चरम उत्कर्षमा थियो। वालविवाहलाई कन्यादानको नामले प्रचार गरिन्थ्यो। कन्या भन्नाले रजस्वला हुनु अघिको अवस्था हो। रजस्वला हुने उमेरसम्म छोरी घरमा राखे समाजमा आलोचित बन्नुपर्थ्यो। आमाको काखबाट ओर्लेर छोरी आँगनमा उर्फिन थाली भने छोरी हुर्किछे अब कसलाई जिम्मा लाउँ ? भन्ने चिन्ताले बाउ ज्वाई खोज्न हिड्थे। असल ज्वाई खोजिन्जेलमा छोरीको रजस्वला होला भन्ने चिन्ताले असल कमसल जो भेटिन्छ उसैलाई छोरी अन्माएर पठाउँथे र सुखदुख छोरीकै भाग्यमा निर्भर गराउँथे। भाग्य भन्ने एउटा अमुक शब्द रचेर छोरीलाई आफ्नो जिम्मेवारीबाट पाखा लाईन्थ्यो। बाउआमाले जसलाई जिम्मा लगाईदिए उसैको सेवा गरेर बाँच्नु पर्थ्यो। परिणामस्वरुप आमाहरुले छोरी अन्माउँने बेलामा दुध चुसाएर डोलीमा हालिदिन्थे। संरक्षकको रुपमा बाउ समानको श्रीमानको आडमा जीवन बिताउँनु पर्थो र श्रीमानको मृत्यु भएसँगै चितामा जल्नु पर्थो।

योगमायाको वालविवाह भयो। १२ वर्षमा श्रीमान मरें। वालविधुवा भएर बसिनन्। अर्को विवाह गरेर छोरी जन्माईन्। छोरीको बाउ पनि मरे, सती गईनन्। परिवार र समाजको अनेक लाञ्छना सहेर बसिन्। त्यतिबेलासम्म उनले जीवनको महत्व बुझिसकेकी थिईन्। आफ्नो जीवन आफ्नै इच्छा अनुसार बाँच्न पाउँनु पर्दो रहेछ भन्ने चेतना आयो र आफ्नै जीवनको अनुभवले खारिएकी योगमायाले समाज परिवर्तनको विगुल फुकिन्। सती प्रथा अन्त्यका लागि दवाव दिइरहिन्। तत्कालिन सरकारले नसुनेपछि दवाव स्वरुप योगमाया सहित ६५ जनाले अरुण नदीमा जल समाधी लिए। त्यसपछि सतीप्रथा अन्त्य भयो।

योगमायापछिको कालमा महिलाहरुमा चेतना पलायो तर शिक्षा, स्वास्थ्य र सम्पत्तीमा महिलाको कुनै अधिकार थिएन। कुनैपनि साईनोको पुरुष रिझाउनु नै महिलाको बाँच्ने आधार थियो। त्यतिबेलाको समयमा महिलाहरुले घरमा सासु, नन्द, आमाजु र माईतीमा भाउजु, बुहारीलाई तीज गीत मार्फत गाली गर्थे र बाउआमालाई कुरा लगाउँथे। पछिल्लो समय महिलाहरु शिक्षा, स्वास्थ्यको पहुँचमा पुग्न थाले। पुरुषसँग सम्पत्ती र राज्यसँग पुरुष सरहको समान अधिकार माग्न थाले।

**दर**

व्रतको अघिल्लो दिन खाने खानालाई दर भनिन्छ। पौराणिक कालमा माता पार्वतीले व्रत बस्ने निश्चित गरेपछि मध्ये रातमा पानी पिएर भोली पल्ट निराहार बसिन्। साथीहरुको सहायतामा उनी जंगलमा थिइन् र त्यहाँ खानेकुरा थिएन। हामी तीजको अघिल्लो दिन आफूलाई माया गर्ने आफन्त वा मन मिल्ने साथीकहाँ गएर दरको रुपमा पोषिलो खाना खान्छौ। विगत केही वर्षदेखि आर्थिक रुपमा सम्पन्न महिला र विपन्न महिलाले खाने दरमा भिन्नता देखिन थाल्यो। हुनेले दुईमहिना अघिदेखि सार्वजनिक रुपमा तडकभडकका साथ दर खान थाले। नहुनेलाई व्रतको अघिल्लो दिन एकछाक मिठो मसिनो खान धौधौ पर्यो। तीज दर अलि भड्किलो बन्दै गएको सबैले महसुस गर्न थाले। तीजको महत्वलाई एकातिर पन्छाएर तीज दर आलोचित बन्दै गयो। दरका विषयमा सार्वजनिक बहस चल्न थाल्यो। भड्किलो तीजदरले भ्रष्टाचार निम्त्याउने आँकलन गरी आफूखुसी विवाह गर्न पाउने वर्तमान समयमा तीज पर्वको आवश्यकता नै नरहेको व्याख्या गर्दै तीज पर्वलाई खारेज गर्नुपर्ने सम्मको कुरा उठ्न थाल्यो। सोही विषयलाई लिएर महिला अधिकारको क्षेत्रमा काम गर्ने ‘साथी’ नामक गैर सरकारी संस्थाले विगत ६ वर्षदेखि तीजपर्वको पूर्वसन्ध्या पारेर हामीले मान्दै आएका ‘चाडपर्वको संस्कारभित्र लुकेका कुसंस्कारलाई कसरी हटाउने ?’ विषयमा सार्वजनिक बहस चलाउँदै आएको छ।

उक्त बहसलाई निरन्तरता दिने क्रममा यसपाली गत शनिवार भदौ १९ गते पत्रकार एवं अन्तर्राष्ट्रिय महिला अधिकारकर्मी वन्दना राणाले चलाएको जुम बहसमा सहभागी समाजका अगुवा बक्ताहरुले संस्कारभित्रका कुसंस्कारलाई हटाएर परम्परादेखि मान्दै आएका चाडपर्वहरुलाई निरन्तरता दिनुपर्नेमा जोड दिए। बहसमा सहभागी समाजका प्रतिनिधि पात्रहरु पत्रकार अनिता विन्दु, समाज परिवर्तनका लागि असल श्रीमान् बन्न कोसिस गरिरहेका चर्चित नायिका प्रियंका कार्कीका श्रीमान् आयुष्मान जोशी, दलित अधिकारकर्मी दुर्गा शोव, हृदयरोग विशेषज्ञ डा. ज्योतिन्द्र शर्मा लगायतका वक्ताहरुले तीज पर्व र स्वास्थ्यका लागि दरको महत्वका बारेमा प्रकाश पारे। वर्तमान समयमा रिस, राग एवं आक्रोस पोख्न छोडी प्रेम र सद्भाव बाँडेर दर मार्फत महिलाहरु एकजुट हुन थालेका छन्। दरको रुपमा धेरै खानु र व्रतको रुपमा केही पनि नखानु दुवै स्वास्थ्यका लागि हानीकारक छ ।

**निराहार व्रत**

हाम्रो संस्कारमा कुनै पनि धार्मिक अनुष्ठान गर्नु अघि संकल्प गरिन्छ । कुनै उदेश्य प्राप्ति निमित्त निश्चित समय र स्थानमा रही आफ्ना इन्द्रीयहरुलाई वसमा राखी सम्पूर्ण ऊर्जालाई एकत्रित गर्नुलाई संकल्प भनिन्छ। निराहार व्रत बस्नेले व्रत बस्नुको उदेश्य निश्चित गर्नु पर्दछ र कम्तीमा पनि तीन दिनदेखि व्रतका लागि आफूलाई तयार राख्नु पर्दछ। निराहार व्रतका लागि स्वस्थ शरीर र स्वच्छ मन हुनु जरुरी छ। माता पार्वतीले दरको रुपमा पानीमात्र पिएर आफ्नै इच्छा पूर्तिका लागि व्रत बसेकी थिइन्। हामी व्रत बस्छौं तर केका लागि व्रत बसेको थाहा छैन्। त्यसैले श्रीमानको आयु लम्ब्याउन व्रत बसेको भनिदिन्छौं। आफ्नो इच्छा र आवश्यकता थाहा नभएका र पुरै श्रीमान्मा आकर्षित महिलाहरुको उक्त भनाईलाई कतिपय गैर हिन्दुवादीले आलोचनाको विषय बनाएर बहस चलाउन थालेका छन्। अघिल्लो दिन पोषिलो खाना खाएर भोलीपल्ट केही नखानु स्वस्थ शरीरका लागि अत्यन्त राम्रो हो। महिलाका लागि तीज प्रेम प्रदर्शन गर्ने चाड हो। व्रतले प्रेम सम्बन्ध मजबुद बनाउँछ।

तीजलाई सकारात्मक रुपले हेर्दा रातो रंग शक्ति र क्रान्तिको प्रतिक मानिन्छ। अघिल्लो दिन पोषिलो खाना खाने र भोलिपल्ट रातो पहिरनमा आफ्ना मनका भावनाहरु सार्वजनिक रुपमा पोख्न पाउने भएकाले पनि समय अनुसार परिमार्जन हुँदै तीजको महत्व बढ्दै गएको छ। धर्म, परम्परा र संस्कृतिको नाममा तीज पर्वलाई बाध्यकारी बनाईनु चाहिँ हुँदैन। परिवर्तन आफ्नै हातमा छ। समय अनुसार परिवर्तन भएर आफूले आफैलाई माया गरौं।

# कर्णालीद्वारा ४ लाख ८० हजार राहत



**भद्रपुर (प्रस) ।** दुर्घटनामा ज्यान गुमाएका आफ्ना सदस्य दम्पतीको परिवारलाई कर्णाली वचत तथा ऋण सहकारी संस्थाले राहत रकम उपलब्ध गराएको छ ।

झापाको कनकाई नगरपालिका, सुरुंगामा होटल सञ्चालन गर्दै आएका शेयर सदस्य पूर्णबहादुर विष्ट र उनकी पत्नी भीमा विष्टको डेढ महिनाअघि दमकको चियाबगानमा ट्रकको ठक्करबाट घटनास्थलमै मृत्यु भएकोमा बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको कर्णाली सहकारीले सदस्य विमावापतको चार लाख रुपैयाँ र उपचार खर्च सहयोगवापतको ८० हजार गरी चार लाख ८० हजार रुपैयाँ शुक्रबार एक संक्षिप्त कार्यक्रमका बीच हस्तान्तरण गरेको हो ।

सुरुंगामा आयोजना गरिएको संक्षिप्त कार्यक्रममा प्रमुख अतिथि कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाईंले उक्त रकमबराबरको चेक दिवंगत दम्पतीका छोरा निशान विष्टलाई हस्तान्तरण गरिन् ।

कर्णालीले विष्ट दम्पतीको निधन भएको ४५ औं दिनको पुण्यतिथिको सन्दर्भ पारेर संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत परिवारलाई राहत रकम वितरण गरिएको संस्थाका अध्यक्ष टीएस प्रधानले बताए ।

संस्थाका उपाध्यक्ष ईश्वरीप्रसाद खरेलले औचित्यमाथि प्रकाश पारेको र शिक्षा उपसमितिका सदस्य देवी थापाले सञ्चालन गरेको कार्यक्रममा सुरुंगा सेवाकेन्द्र उपसमिति सदस्य शान्ताकुमारी अधिकारीले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा जेष्ठ नागरिक पुण्यप्रसाद बाराकोटी, सामाजिक व्यक्तित्व रविन्द्र लम्साल, ख्याम ओली, विष्णु विमली, जेष्ठ नागरिक समाजका पुण्यप्रसाद बाराकोटीलगायतले दिवंगत विष्ट दम्पतीको मेहनत, कामप्रतिको लगाव एवम् शालीनताको चर्चा गर्दै छोराहरुको उज्वल भविष्यका लागि स्थानीय तह, संस्था र समाजले मिलेर सहयोग गर्नुपर्ने बताए ।

सोही अवसरमा मिर्गौलापीडित शेयर सदस्य कमलबहादुर कार्कीलाई १० हजार उपचार खर्च र कोभिड १९ का कारण ज्यान गुमाएका शेयर सदस्य प्रकाशकुमार राई र उनकी श्रीमती सपना लिम्बूको परिवारलाई पनि नगद राहत रकम उपलब्ध गराइएको थियो ।

झापाको अग्रणी सहकारीहरुमध्येको एक कर्णालीले सदैव सदस्यकेन्द्रित कार्यक्रमहरु ल्याउने गरेको बताउँदै संस्थाका सचिव भूपाल बस्नेतले सदस्य तथा तिनको परिवारको स्वास्थ्य र शिक्षाका लागि यसै वर्षदेखि थप सुविधाका कार्यक्रमहरु सञ्चालनमा ल्याइएको जानकारी दिए ।

# समानान्तर कमिटी समाजवादी पार्टीमा रुपान्तरण




**झापा (प्रस) ।** गत बैशाख ३ गते माधव नेपालको उपस्थितिमा गठन भएको ३५१ सदस्यीय नेकपा एमाले जिल्ला समानान्तर कमिटी झापा नेकपा एकीकृत समाजवादीमा रुपान्तरण भएको छ ।

पार्टीको प्रथम जिल्ला भेलाबाट नेकपा एमाले जिल्ला समानान्तर कमिटीलाई नेकपा एकीकृत समाजवादीमा रुपान्तरण गर्ने, सचिवालय गठन र १५ वटै स्थानीय तहमा १० दिनभित्र पार्टीका विभिन्न भातृ संगठन र मोर्चा गठन गर्ने समेत निर्णय भएको हो ।

झापाको बिर्तामोडमा शुक्रवार पार्टीका प्रवक्ता तथा प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडा र १ नम्वर प्रदेश अध्यक्ष घनेन्द्र बस्नेतको आतिथ्यमा भएको कार्यक्रममा झापाका पाँचवटै निर्वाचन क्षेत्रमा १५ दिनभित्र क्षेत्रीय कमिटी निर्माण गर्ने , विभिन्न विभागको प्रमुख तोक्नुका साथै त्यस अन्तरगतका सबै विभागलाई पूर्णता दिने निर्णय भएको छ । पार्टीका जिल्ला अध्यक्ष वेदराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत युवा संघका केन्द्रीय सचिव प्रत्युष रानाले गरेका थिए भने सञ्चालन जिल्ला सचिव निलमणि बरालले गरेका थिए ।

# दाँत बिगार्ने केही गलत बानीहरु




हाम्रा केही यस्ता बानी हुन्छन्, जुन हामीलाई स्वस्थकर लागे पनि स्वास्थ्यमा नकारात्मक प्रभाव पारिरहेका हुन्छन्। हामीले ख्याल नगरेका हाम्रा केही बानीले दाँत बिगार्न सक्छन्ः

**बरफ चबाउनु**

बरफ/हिउँ प्राकृतिक र सुगर फ्रि भएकाले हामीलाई लाग्छ यो चबाउनु हानिकारक हुँदैन। तर, कडा र जमेका आइस क्युब मच्याङमच्याङ चबाउँदा हाम्रा दाँत चोइटिन/भाँचिन सक्छन्। यसरी बरफ चबाउँदा दाँतका नरम टिस्युमा असर परेमा दाँत दुख्ने सम्भावना हुन्छ। धेरै तातो वा धेरै चिसो खानेकुराले पनि दाँत दुखाउन सक्छ।

**माउथ गार्ड नलगाई खेल्नु**

तपाईं फुटबल, हकी, क्रिकेट खेल्नुहुन्छ भने 'माउथ गार्ड' नलगाई मैदानमा नपस्नुहोस्। प्लास्टिकबाट निर्मित माउथ गार्डले माथिल्लो लहरका दाँतमा चोटपटक लाग्नबाट जोगाउँछ। माउथ गार्ड खेलकुद सामग्री पाइने पसलमा किन्न सकिन्छ अथवा आफूलाई फिट हुने गरी डेन्टिस्टसँग बनाउन पनि सकिन्छ।

सुत्नुअघि बोतलबाट दूध खुवाउनु

बालबालिकालाई सुत्नुअघि बोतलबाट दूध खुवाउनाले उनीहरूको दाँत बिग्रन्छ। सुत्नुअघि बोतलमा दूध खुवाउँदा दाँत उम्रन थालेदेखि नै बिग्रन सुरु हुन्छ। बोतल मुखमा हालेर सुत्दा मुख दूधले भरिन्छ र रातभर उनीहरूका दाँत 'सुगर' (ल्याक्टोज)मा डुब्छन्। जसले दाँतमा किरा लाग्नुका साथै बिग्रन थाल्छन्।

**जिब्रो छेडेर गहना लगाउने**

झट्ट हेर्दा फेसनेबल देखिए पनि जिब्रो छेडेर विभिन्न किसिमका गहना लगाउनु दाँतका लागि हानिकारक छ। ओठमा गहना लगाउनु पनि दाँतका लागि हानिकारक छ। जिब्रो वा ओठमा भएका गहना टोकिन सक्ने भएकाले दाँत भाँचिन सक्छ। त्यस्तै ती धातुका गहना ओठ र गिजामा रगडिँदा घाउ हुनसक्छ। घाउमा धातु वा ब्याक्टेरियाको संक्रमण हुनसक्छ। गहना लगाउन छेड्दा कुनै ठूलो नसा पनि छेडिन सक्छ, जसले रक्तस्राव र संक्रमण हुनसक्छ। जिब्रो/ओठ छेडेर गहना लगाउनुअघि दन्तचिकित्सकसँग सल्लाह गर्नु उपयुक्त हुन्छ।

**दाह्रा किट्नु**

निदाएका बेला दाह्रा किट्दा पनि दाँत चाँडै बिग्रन्छन्। यो समस्या नियन्त्रण गर्न कठिन हुन्छ। दिउँसो कडा/साह्रो खानेकुरा नखाए दाह्रा किट्ने बानीबाट हुने दुखाइ र हानि केही घटाउन सकिन्छ। सुत्दा माउथ गार्ड प्रयोग गरेमा पनि दाह्रा किट्दा हुने असर न्यून गर्न सकिन्छ।

**खोकीको औषधि**

औषधि पसलमा बेच्नासाथ खोकीको औषधि (कफ ड्रप्स) स्वस्थकर हुन्छन् भन्ने हुँदैन। यस्ता कफ ड्रप्समा चिनी (सुगर)को मात्रा प्रसस्त हुन्छ। त्यसैले यस्ता ड्रप्स खाएपछि नबिर्सिकन कुल्ला गर्नुपर्छ। खोकीका चक्की, क्यान्डी वा ड्रप्स जस्तो स्वरुपमा भए पनि टाँसिने पदार्थ हुन्छ, जुन दाँतमा टाँसिन्छ। यसरी टाँसिने गुलियो पदार्थ सुगरलाई ब्याक्टेरियाले एसिडमा परिणत गर्छ। जसले दाँतको इनामेल खियाउँछ।

**लस्सादार क्यान्डी**

गुलियो पदार्थ (सुगर) मिसिएका सबै प्रकारका क्यान्डीले दाँत बिगार्छन्। अझ लस्सादार क्यान्डी दाँतमा घन्टौंसम्म टाँसिन्छ र यसको सुगरबाट ब्याक्टेरियाले बनाउने एसिडले दाँतको इनामेल खियाउँछ। तपाईं क्यान्डी खानुहुन्छ भने बेग्लै खानुभन्दा भोजनका बेला खानु उपयुक्त हुन्छ, किनभने भोजनका बेला मुखमा धेरै र्‍याल उत्पादन हुन्छ, जसले दाँतमा अड्केका क्यान्डीका टुक्रा र सुगर भोजनमा लैजान्छ वा दाँत सफा गर्छ।

**सोडायुक्त पेय**

सुगर मिसिएका खानेकुरामा क्यान्डी मात्र होइन, सोडा लगायत कोल्ड ड्रिंक्समा ११ चिया चम्चा जति चिनी (सुगर) मिसिएको हुन्छ। सोडामा फोस्फोरिक एसिड र साइट्रिक एसिडसमेत मिसिएको हुन्छ, जसले दाँतको सेतो बाहिरी भाग इनामेल खियाउँछ। 'डाएट' भनेर आउने सफ्ट ड्रिंक्समा चिनी नभए पनि कृत्रिम गुलियोका रुपमा अझ बढी एसिड हुन्छ।

**दाँतले बिर्को खोल्ने**

सफ्ट ड्रिंक्सका बोतलको बिर्को वा अन्य कुनै प्लास्टिकका प्याकेट दाँतले खोलेको देख्दा सजिलो लागे पनि यो बानीले दाँत भने बिग्रने सम्भावना बढ्छ। दाँतले बिर्को खोल्दा दाँत भाँचिने/चोइटिने सम्भावना हुन्छ। हाम्रो दाँतको काम बिर्को खोल्ने नभएर, भोजन चपाउने मात्र हो।

**स्पोर्टस ड्रिंक्स**

व्यायाम गरिसकेपछि वा खेलिसकेपछि चिसो स्पोर्टस ड्रिंक्सले हामीलाई ताजा महसुस गराउँछ। तर, यस्ता पेयमा चिनी (सुगर)को मात्रा धेरै हुन्छ। सोडा वा क्यान्डीजस्तै सुगरयुक्त स्पोर्टस ड्रिंक्सले दाँतको इनामेलमा एसिड आक्रमण गराउँछ र दाँत बिगार्छ। अझ नियमितजस्तै यस्ता पेय पिउनाले दाँत बिग्रने निश्चितप्रायः छ। त्यसैले व्यायाम गर्दा वा खेल्दा पानी पिउनु नै उपयुक्त हुन्छ।


एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED

## कर्मचारी आवश्यकता सम्वन्धी सूचना

(प्रकाशित मिति : २०७८/०५/२५)

नेपाल राष्ट्र बैंकबाट "घ"वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको एनएमबि बैंकको सहायक कम्पनीको रुपमा संचालनमा रहेको यस एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय **बिर्तामोड**को लागि प्रशिक्षार्थी सहायक करार पदमा केही कर्मचारी आवश्यक भएकोले इच्छुक योग्य उम्मेद्वारहरुलाई देहाय बमोजिमको कागजातहरु संलग्न गरी ७ दिनभित्र यस संस्थाको शाखा कार्यालय **बिर्तामोड वार्ड नम्बर ३ बिर्ताबजार** वा शाखाको (E-mailbirtamod@nmbmicrofinance.com ) मार्फत आवेदन दिन आव्हान गरिन्छ ।

| पद | सेवाको किसम | संख्या | आवस्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| प्रशिक्षार्थी सहायक | करार : करार सेवा ६ महिनाको हुनेछ, आवश्यकता अनुसार थप गर्न सकिनेछ । | केहि | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमाण पत्र तह (+२) उत्तीर्ण, कुनै सहकारी संस्था वा लघुवित्तको क्षेत्रमा काम गरेका उम्मेदवारहरुलाई प्राथमिकता दिईनेछ । |

मोटरसाईकल एवं चालक अनुमतिपत्र भएका र कम्प्युटर सम्वन्धी दक्ष र जुनसुकै स्थानमा गएर निरन्तर फिल्ड भ्रमणमा जान तत्पर रहने स्थानीय उम्मेद्वारलाई मुख्य प्राथमिकता दिईनेछ ।

**उमेर :** १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको ।
**तलव तथा अन्य सुविधा :** वित्तीय संस्थाको नियम अनुसार हुनेछ ।
**अन्य जानकारी दरखास्त फारम :** यस वित्तीय संस्थाको शाखा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।
आवदेन पेश गर्ने अन्तिम मिति : २०७८/०६/०१ गते कार्यालय समयभित्र ।
**नोट :** प्राप्त निवेदनहरुमध्ये कुनै वा सवै कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस वित्तीय संस्थामा निहित हुनेछ ।

शाखा प्रमुख

(प्रदेश नं.१) शाखा कार्यालय, बिर्तामोड फोन : ९८०७८६२७२९ ९८४७२०३२६७





MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE

मानव डेन्टल

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट





प्रतिदिन PRATIDIN NATIONAL DAILY

## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

INDESIGN BTM Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ) बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१७ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## राशिफल

**मेषः** आज मातापिता र वरिष्ठ व्यक्तिको सहानुभूति र आशीर्वाद मिल्नेछ ।
**वृषः** आँटेको र तोकेको कार्य पुरा होला । अरुलाई प्रभावित पारेर काम बन्ने छ ।
**मिथुन :** चलाखीपूर्ण बोलीले कार्य सम्पन्न हुनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउने छ ।
**कर्कट :** पठनपाठनमा प्रगति हुनेछ । आज रोकिएको अधुरो कार्यले पूर्णता पाउने छ ।
**सिंह :** छोटो यात्रा रहला । इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख, सन्तोष छाउनेछ ।
**कन्या :** अधुरो काम बन्ने छ । आज श्रमको उचित मूल्यांकन हुनेछ ।
**तुला :** मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । शुभ समाचार सुन्न पाइएला ।
**वृश्चिकः** मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला ।
**धनु :** जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सामाजिक प्रतिष्ठा प्राप्त हुनेछ ।
**मकर :** मन प्रशन्न हुनेछ । सवारी साधनको खरीद, बिक्री हुने योग छ ।
**कुम्भ :** आज प्रतिष्ठित व्यक्तिहरुसँग मित्रतापूर्ण सम्बन्ध कायम हुनेछ ।
**मीन :** बोलीको भरमा कार्य सहजै सम्पादन हुनेछ ।